*प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत मितिः २०८१।०५।०६*

# लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१

**प्रस्तावनाः**

लुम्बिनी प्रदेश सरकारप्रतिको जनआस्था अभिवृद्धि गरी मन्त्रिपरिषद् सदस्यको प्रतिष्ठालाई उच्च राख्दै मन्त्रिपरिषद् सदस्यबाट हुने व्यक्तिगत एवं सामूहिक कार्यलाई निष्पक्ष, पारदर्शी एवं विश्वसनीय तवरले सम्पादन गर्न साथै प्रदेश सरकारका कामकारवाहीलाई उत्तरदायी, पारदर्शी, सहभागितामूलक तथा मितव्ययी बनाई सुशासन प्रवर्द्धन गर्न र मन्त्रिपरिषद् सदस्यको आचरण र व्यवहारलाई आधारभूत मानक निर्धारण गरी नियमन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन ऐन, २०७६ को दफा २३ बमोजिम लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो आचारसंहिता बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यस आचारसंहिताको नाम "लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१" रहेको छ।

१.२. यो आचारसंहिता मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा;

२.१. "**आचारसंहिता**" भन्नाले मन्त्रिपरिषद् सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१ लाई जनाउँछ ।

२.२. "**आचरण**" भन्नाले मन्त्रिपरिषद् सदस्यबाट पालना गर्नुपर्ने पदीय, पेशागत र सामाजिक चरित्र, व्यक्तिगत बानी, व्यवहार तथा चालचलन समेतलाई जनाउँछ।

२.३. "**परिवारको सदस्य**" भन्नाले मन्त्रीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति वा पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा तथा बाजे, बज्यै र सासु, ससुरा समेत सम्झनुपर्छ।

२.४. "**प्रदेश सभा**" भन्नाले लुम्बिनी प्रदेश सभालाई बुझाउँछ।

२.५. "**प्रदेश कानुन**" भन्नाले लुम्बिनी प्रदेश सभा तथा लुम्बिनी प्रदेश सरकारबाट जारी एवं स्वीकृत भएका कानुनलाई बुझाउँछ।

२.६. "**मन्त्रालय**" भन्नाले लुम्बिनी प्रदेशका मन्त्रालय सम्झनुपर्छ । सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत बुझाउँछ।

२.७. "**मन्त्री**" भन्नाले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीलाई जनाउँछ ।

२.८. "**मन्त्रिपरिषद्**" भन्नाले लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद् सम्झनुपर्छ ।

२.९. "**मन्त्रिपरिषद् सदस्य**" भन्नाले लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषदमा रहने मन्त्रीलाई जनाउँछ ।

**३. आचारसंहिताको पालना गर्नुपर्नेः** यस आचारसंहिताको पालना गर्नु प्रत्येक मन्त्रिपरिषद् सदस्यको कर्तव्य हुनेछ ।

**४. मन्त्रिपरिषद् सदस्यको कानुनीर पेशागत आचरणः**

**४.१. संविधान र कानुनीव्यवस्थाको पालना**: मन्त्रिपरिषद् सदस्यले नेपालको संविधान, प्रचलित नेपाल कानुन एवं प्रदेश कानुनमा निर्दिष्ट व्यवस्था र मापदण्डअनुरुप व्यक्तिगत जिम्मेवारी एवं सामूहिक उत्तरदायित्वको सिद्धान्त पालना गर्नुपर्छ । आफ्नो मन्त्रालय सम्बद्ध बजेट तथा कार्यक्रमको कार्यान्वयनमा आर्थिक कार्यविधि, सार्वजनिक खरिद, वित्तीय उत्तरदायित्व लगायत विषयगत ऐन, नियमावली, कार्यविधि, मापदण्ड आदिको पालना गरी गुणस्तरीयता कायम गराउनेतर्फ क्रियाशील रहनुपर्नेछ । विद्यमान कानुनको पालना गरी गराई सुशासन कायम गर्न प्रयत्नशील रहनुपर्नेछ ।

**४.२. स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई कार्य गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले सार्वजनिक हितलाई सर्वोपरी मानी मन्त्रालयको कार्यजिम्मेवारी स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्छ । मन्त्रीहरुले आफ्नो कर्तव्यको पालना निर्धारित विधि र पद्दती अनुरुप गर्नुपर्नेछ । कार्य फछर्यौट गर्ने समेत प्रयोजनका लागि कार्यालय दिनमा कम्तिमा बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म(विशेष परिस्थिति बाहेक) मन्त्रालयमै रही मन्त्रालयको कामसँग सम्बन्धित व्यक्तिसँग मात्र भेटघाटको कार्यक्रम राख्नुपर्छ ।

**४.३. अवाञ्छनीय प्रभाव पार्न नहुने**: मन्त्रिपरिषद् सदस्यले आफ्नो व्यक्तिगत वा राजनीतिक स्वार्थ पूरा गर्ने उद्देश्यले कुनै अवाञ्छनीय प्रभाव पार्न एवं पदीय मर्यादा र प्रतिष्ठा विपरीत हुनेगरी कुनै व्यक्ति वा संस्थासँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

**४.४. सार्वजनिक नैतिकता र आचरण अनुकूल व्यवहार गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्दा सार्वजनिक हित, पूर्ण अनुशासन, उच्च नैतिकता र स्वच्छ आचरण अनुकूलको व्यवहार गर्नुपर्नेछ । साथै कुनै प्रकारको आयआर्जन हुने अन्य पदमा रहनु हुँदैन । सामाजिक सञ्जालको प्रयोग गर्दा सार्वजनिक सदाचार वा नैतिकता प्रतिकूल हुने, नकारात्मक सन्देश प्रवाह हुने, प्रचलित कानुनले निषेध गरेका क्रियाकलाप गरी सामाजिक सञ्जालको दुरुपयोग हुने लगायतका कार्य गर्नुहुँदैन । यस सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत "सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०" मा भएको व्यवस्था समेतको परिपालना गर्नुपर्नेछ ।

**४.५. कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्ने**: मन्त्रीले आफ्नो मन्त्रालय र मातहत निकायका कर्मचारीसँग मर्यादित व्यवहार गरी कामप्रति उत्प्रेरणा जगाउने वातावरण बनाउनुपर्छ ।

**४.६. शीष्टतापूर्वक प्रस्तुत हुनुपर्ने**: मन्त्रिपरिषद् सदस्यले मन्त्रिपरिषद् बैठकमा प्रस्तुत हुने प्रस्तावमा मुख्यमन्त्रीको स्वीकृति लिई आफ्नो भनाई राख्नुपर्ने र बैठकमा शीष्टतापूर्वक प्रस्तुत हुनुपर्नेछ । मन्त्रीले कार्यस्थल एवं सार्वजनिक स्थलमा समेत शीष्टतापूर्ण आचरण र व्यवहार प्रदर्शन गर्नुपर्दछ ।

**४.७. आफ्नो स्वार्थ गाँसिएको विषयमा हुने छलफल र निर्णयमा सहभागी हुन नहुने**: मन्त्रिपरिषद् सदस्यले आफुले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो निजी स्वार्थ गाँसिएको भएमा मुख्यमन्त्रीलाई जानकारी गराई त्यस्तो विषयको छलफल र निर्णयमा सहभागी हुनुहुँदैन ।

**४.८. आफ्नो मन्त्रालय एवं मातहत निकायलाई चुस्त, पारदर्शी, नतिजामुखी एवं सुशासनयुक्त बनाउनुपर्नेः** मन्त्रीले आफ्नो मन्त्रालय/अन्तर्गतका निकायको सङ्गठन संरचना र जनशक्ति चुस्त राखी उपयोग गर्ने, आफू र अन्तर्गतबाट प्रवाह गर्नुपर्ने सेवालाई छरितो, प्रभावकारी र पक्षपातरहित बनाई जनअपनत्व र सकारात्मक भावना जगाउने, सार्वजनिक सेवा वितरण प्रकृयालाई सरलीकृत र पारदर्शी गराउने, निकायगत समन्वय गरी कामकारवाही र कार्यस्थल व्यवस्थित र सुदृढ गर्ने लगायतका कार्य गरी सुशासन कायम गर्ने गराउनेतर्फ प्रयत्नशील रहनुपर्नेछ।

**४.९. समावेशी कार्यस्थल र मैत्रीपूर्ण कार्यवातावरण बनाउनुपर्नेः** मन्त्रीले आफ्नो कार्यस्थल समावेशी र कार्यवातावरण मैत्रीपूर्ण बनाउनुपर्दछ। मन्त्रालयको कामसँग सम्बन्धित फरक क्षमता भएका व्यक्तिले मन्त्रीलाई सहज किसिमले भेटघाट गर्नसक्ने गरी कार्यस्थलको व्यवस्था मिलाउनुपर्दछ।

**४.१०. जवाफदेही हुनुपर्नेः** प्रचलित कानुनीव्यवस्थाको अधीनमा रही मुख्यमन्त्री र मन्त्री सामूहिक रुपमा प्रदेश सभाप्रति र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति जवाफदेही हुनुपर्नेछ। मन्त्रिपरिषद् सदस्यले आफूले सम्पादन गरेको कार्य तथा निर्णयका सम्बन्धमा सार्वजनिक रुपमा जवाफदेही हुनुपर्दछ।

**४.११. गोपनीयता कायम राख्नुपर्नेः** मन्त्रिपरिषद् सदस्यले आफ्नो कार्य तथा निर्णय सम्बन्धी प्रचलित कानुन बमोजिम गोप्य राख्नुपर्ने विषयमा गोपनीयता कायम राख्नुपर्नेछ।

**४.१२. गैरकानुनीकामकारवाही गर्न नहुनेः** मन्त्रिपरिषद् सदस्यले गैरकानुनीकाम कारवाही गर्नु गराउनु हुँदैन र त्यस्तो कार्य गर्नेउपर प्रचलित कानुनबमोजिम कारवाही गर्न गराउन प्रत्यक्षशील रहनुपर्नेछ।

**४.१३. समन्वय गर्नुपर्नेः** मन्त्रिपरिषद् सदस्यले कार्यसम्पादनको सिलसिलामा सङ्घीय इकाइसँग संवैधानिक एवं कानुनीव्यवस्था अनुरुप र अन्य सरोकार पक्षसँग आवश्यकताअनुसार समूचित समन्वय कायम गर्नुपर्नेछ।

**४.१४. मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका मूल्य र सिद्धान्तको अवलम्बन एवं कार्यान्वयन गर्नुपर्नेः**मन्त्रिपरिषद् सदस्यले नेपालको संविधान, प्रचलित नेपाल कानुन, प्रदेश कानुन, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा जनाइएका प्रतिवद्धता र त्यसमा अन्तर्निहित मानवअधिकार तथा मानवीय कानुनका मूल्य र सिद्धान्तप्रति प्रतिवद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै कार्यसम्पादन गर्नुपर्छ।

**४.१५. विदेशी राष्ट्र, संस्था तथा गैससका पदाधिकारी एवं प्रतिनिधिसँग भेटघाट गर्दा पूर्वस्वीकृति लिनुपर्नेः** मन्त्रीले विदेशी कुटनीतिक, तिनका प्रतिनिधि, गैरसरकारी संघसंस्थाका पदाधिकारी, प्रतिनिधि वा विदेशी नागरिकसँग औपचारिक भेट गर्नुपर्ने भएमा भेट गर्नुको उद्देश्यबारे जानकारी लिई मुख्यमन्त्रीलाई सोको जानकारी गराई एवं नेपाल सरकारबाट पूर्वस्वीकृति लिएर मात्र भेटघाट गर्नुपर्नेछ। यससम्बन्धमा "प्रदेश तथा स्थानीय तहको परराष्ट्र तथा कुटनीतिक मामिला सम्बन्धी निर्देशिका, २०७५" मा भएको व्यवस्था समेत पालना गर्नुपर्नेछ। यसरी कुटनीतिक भेटघाट हुँदा भएको छलफलको विषय र निर्णय मन्त्रालयमा अभिलेख राखी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा

लिखित रुपमा गराउनुपर्नेछ । मन्त्रीले सरकारको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नेबाहेक अन्य गैरसरकारी संघसंस्थाको कार्यक्रममा सहभागी हुनुहुँदैन ।

**४.१६. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतिकूल असर पर्ने अभिव्यक्ति दिन नहुने**: मन्त्रिपरिषद् सदस्यले कुनै सार्वजनिक अभिव्यक्ति दिंदा मित्रराष्ट्रसँगको सुमधुर सम्बन्धमा प्रतिकूल असर नपर्ने एवं परराष्ट्र सम्बन्धमा खलल नपर्ने गरी अभिव्यक्ति दिनुपर्नेछ ।

**४.१७. राजनीतिक पदाधिकारीको नियुक्ति कानुन बमोजिम गर्नुपर्ने**: मन्त्रीले कुनै राजनीतिक पदमा पदाधिकारी नियुक्ति गर्दा सम्बद्ध कानुनमा तोकिएको उक्त पदका लागि आवश्यक पर्ने योग्यता, अनुभव र दक्षताका साथै समावेशी व्यवस्थासमेतका आधारमा नियुक्त गर्नुपर्नेछ ।

**४.१८. भ्रमण किफायति, मितव्ययी र औचित्यपूर्ण हुनुपर्ने**: मन्त्रिपरिषद् सदस्यले भ्रमण गर्दा "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५" बमोजिमको व्यवस्थाका अतिरिक्त देहायको प्रकृया अवलम्बन गर्नुपर्नेछः-

**क.** प्रदेश राजधानी बाहिर भ्रमणमा जाँदा मुख्यमन्त्रीबाट भ्रमणको पूर्वस्वीकृति लिएर मात्र जानुपर्नेछ ।

**ख.** जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे अग्रीम जानकारी गराउनुपर्नेछ ।

**ग.** भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्छ । अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुनुहुँदैन ।

**घ.** एक जिल्लामा एक पटकमा दुई दिन भन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्छ र उपलब्ध भएसम्म सरकारी अतिथिगृहको प्रयोग गर्नुपर्दछ ।

**ङ.** अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण गर्नुहुँदैन ।

**च.** सरकारी कामको सिलसिलामा भ्रमणमा जाँदा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

**छ.** निजी प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराई जान सकिने र त्यस्तो भ्रमणमा भएको कुनैपनि खर्च सरकारी कोषबाट भुक्तानी लिन पाइनेछैन ।

**ज.** भ्रमणबाट फर्केपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेपछि मात्र भ्रमण खर्च भुक्तानी लिनुपर्नेछ ।

**५. मन्त्रिपरिषद् सदस्यको सदाचारसम्बन्धी आचरण**

**५.१. सदाचारयुक्त व्यवहार गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यका हरेक क्रियाकलाप र व्यवहार उच्च आदर्शयुक्त, अनुकरणीय, सम्मानित र सदाचारपूर्ण हुनुपर्दछ । मन्त्रिपरिषद् सदस्यले सदाचार विपरीतका कार्य गर्नुहुँदैन ।

**५.२. पदीय हैसियतको दुरुपयोग गर्न नहुने**: मन्त्रिपरिषद् सदस्यले आफ्नो परिवार, नातेदार वा सामाजिक सम्बन्धका अन्य व्यक्तिलाई आफूले सम्पादन गर्ने काम वा निर्णयमा अनुचित प्रभाव पार्न दिनुहुँदैन । साथै परिवार, सचिवालयका कर्मचारी वा अरु कसैको निजी स्वार्थ पूरा हुनेगरी आफ्नो पदीय हैसियतको दुरुपयोग गर्न वा गर्न दिन हुँदैन । पदीय गरिमालाई कायम राख्दै कुनै पनि प्रकारका अनियमितता र भ्रष्टाचारजन्य कार्यबाट पूर्णरुपमा मुक्त रहनुपर्नेछ ।

**५.३. सम्पत्ति विवरण पेश गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा २ प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्नुपर्नेछ । पेश भएको उक्त सम्पत्ति विवरण सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट वेवसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्नेछ । मन्त्रीले पदमुक्त हुँदासमेत सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेछ ।

**५.४. दान, उपहार, चन्दा आदि प्राप्त गर्न एवं सापटी लिन नहुने**: मन्त्रिपरिषद् सदस्यले आफै, कुनै कर्मचारी, स्वकीय सचिव वा सचिवालयका अन्य कर्मचारी वा परिवारका सदस्य मार्फत सरकारी काममा असर पर्नसक्ने गरी प्रदेश सरकारको स्वीकृति विना कुनै दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न, चन्दा माग्न वा मन्त्रालयको कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

तर कुनै अन्तर्राष्ट्रिय संस्था वा सरकारी निकायबाट कार्यक्रमको सिलसिलामा औपचारिक रुपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन ।

**५.५. आर्थिक विवरण शुद्ध राख्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले आफ्नो र परिवारको व्यक्तिगत आर्थिक लेनदेन एवं सार्वजनिक निकायलाई तिर्नु बुझाउनुपर्ने हरहिसाब यथासमयमै फछर्यौट गरी स्वाभिमान र उच्च नैतिक आचरण प्रदर्शन गर्नुपर्दछ ।

**५.६. मितव्ययी सामाजिक व्यवहार अवलम्बन गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले खर्चिलो एवं भड्किलो र अस्वभाविक नभई मितव्ययीपूर्ण सामाजिक व्यवहार र आचरण गर्नुपर्दछ ।

**५.७. मर्यादित पोशाकमा प्रस्तुत हुनुपर्ने**: मन्त्रिपरिषद् सदस्यले पदीय मर्यादा अनुकूल हुनेगरी मर्यादित पोशाकमा प्रस्तुत हुनुपर्नेछ । तर मन्त्रिपरिषद् बैठक, प्रदेश सभा बैठक तथा अन्य औपचारिक कार्यक्रममा औपचारिक पोशाकमा उपस्थित हुनुपर्नेछ ।

**५.८. सार्वजनिक गर्नुपर्ने विषय प्रवक्ता मार्फत गर्नुपर्ने**: कानुन बमोजिम गोपनीयता कायम राख्नुपर्ने विषय बाहेक अन्य विषय सञ्चार माध्यम वा सरोकारवालालाई सुसूचित गर्दा प्रवक्ता मार्फत गर्नुपर्नेछ । मन्त्रीले सार्वजनिक सञ्चारका माध्यमहरुलाई निष्पक्ष राखी सबैका बिचार र समाचारलाई समान र समूचित किसिमले प्रसार गर्ने व्यवस्था मिलाउनुपर्छ ।

**५.९. विचाराधीन विषय सार्वजनिक गर्न नहुने**: मन्त्रिपरिषद् सदस्यले मन्त्रिपरिषद् वा सभामा विचाराधीन रहेको विषयमा निर्णय नभएसम्म व्यक्तिगत रुपमा सार्वजनिक गर्नु हुँदैन ।

**५.१०. सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने**: मन्त्रिपरिषद् सदस्यले सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग प्रचलित कानुन बमोजिम अधिकतम सार्वजनिक हितका लागि गर्नुपर्दछ । मन्त्रालय र मातहतका निकायको भौतिक सुविधा र सम्पत्ति आफ्नो परिवारको सदस्य, राजनीतिक दलका कार्यकर्ता लगायत मन्त्रालयको कामसँग असम्बन्धित व्यक्तिहरुलाई प्रयोग गर्न दिनुहुँदैन ।

**५.११. कानुनबमोजिम मात्र सुविधा लिनुपर्ने**: मन्त्रिपरिषद् सदस्यले पारिश्रमिकका साथै आवास, सवारी साधन, इन्धन लगायतका सुविधा "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५" मा भएको व्यवस्था बमोजिम लिनुपर्नेछ।

**५.१२. उच्च राजनीतिक संस्कार कायम गर्नुपर्ने**:

**क.** मन्त्रिपरिषद् सदस्यले सरकार सञ्चालन र साझा सहमतिका कार्यक्रम कार्यान्वयनको सम्बन्धमा मुख्यमन्त्रीले दिएको निर्देशन पालना गर्नुपर्नेछ।

**ख.** मन्त्रालयमा पद बहाली गरेपछि यथाशीघ्र अधिकार प्रत्यायोजन गरी गराई प्रचलित कानुन बमोजिम कार्य गर्नुपर्दछ।

**ग.** मन्त्रिपरिषदभित्र मत-मतान्तर भएका विषयमा सार्वजनिक रुपमा विवाद नगरी सरकार सञ्चालनका स्थापित विधि र प्रक्रिया अनुसार विवाद समाधान गर्नुपर्दछ।

**घ.** सम्बन्धित राजनीतिक दलबाट फिर्ता बोलाइएको अवस्थामा पदबाट राजीनामा दिनुपर्छ।

**६. मन्त्रिपरिषद् सदस्यको क्षमता विकाससम्बन्धी आचरण**

**६.१. अध्ययनशील हुनुपर्ने**: मन्त्रिपरिषद् सदस्य स्वअध्ययनशील हुनुपर्दछ। मन्त्रालय र मातहतका कर्मचारी वा सहयोगीहरुलाई समेत अध्ययनशील हुन प्रोत्साहित गर्नुपर्दछ। यसका लागि आवश्यकताअनुसार तालिम, गोष्ठी, अन्तर्किया, अवलोकन, भ्रमण लगायत क्षमता विकासका कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्दछ।

**६.२. नवीनतम अवधारणासँग परिचित हुने**: मन्त्रिपरिषद् सदस्यले प्रचलित नेपाल तथा प्रदेश कानुन, मन्त्रालयको कार्यक्षेत्रगत विषय, अन्तर्राष्ट्रिय, राष्ट्रिय एवं प्रादेशिक गतिविधि, विकासका मान्य सिद्धान्त र नवीनतम अवधारणासँग परिचित र अद्यावधिक रही सोको अवलम्बन गर्नमा प्रतिवद्ध रहनुपर्दछ।

**७. अनुगमन सम्बन्धी व्यवस्था**: यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा मुख्यमन्त्रीबाट अनुगमन हुनेछ। यसरी अनुगमन हुँदा आचारसंहिताको पालना भएको नदेखिएमा मुख्यमन्त्रीबाट सचेत गराउन सकिनेछ।

**८. बचाउ**: यस आचारसंहितामा उल्लेख भएका विषय प्रचलित नेपाल कानुन तथा प्रदेश कानुनसँग बाझिएमा यसरी बाझिएको हदसम्म प्रचलित नेपाल कानुन तथा प्रदेश कानुनमा लेखिएको विषय नै मान्य हुनेछ।